नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र सङ्ख्या : १/२०७५-७६** **मितिः २०७५/४/४**

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू र इजाजतपत्रप्राप्त “क” वर्गका बैंकहरु

**विषय : एकीकृत इ.प्रा. परिपत्र:०३/२०७४ मा संशोधन तथा थप गरिएको सम्बन्धमा ।**

महाशय,

सुन आयात तथा विक्री वितरणका लागि जारी “सुन आयात तथा विक्री वितरण कार्यविधि, २०६८” मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त “क” बर्गका बैंकहरूलाई यो परिपत्र जारी गरिएको छ ।

**(१) सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८ को दफा ३ पश्चात देहाएको प्रतिवन्धात्मक वाक्यांश थप गरिएको छः**

*तर उद्योग विभागको स्वीकत स्किमभित्र परेका कुनै पनि उद्योगले औद्योगिक प्रयोजनको लागि खानयोग्य सुन (Edible Gold) आयात गर्न स्वकृति माग गरेमा त्यस्तो सुन मिश्रण गरी तयार गरिने उत्पादनमा सम्बन्धित अन्तःशुल्क कार्यालयको प्रत्यक्ष अनुगमन रहने शर्तमा परीक्षणको रुपमा त्यस्ता उद्योगलाई वार्षिक अधिकतम १,५०० (एक हजार पाँच सय) ग्रामसम्म खानयोग्य सुन (Edible Gold) देहायका कागजात पेस गरी सम्बन्धित व्यवसायीले सोझै बैंकमार्फत आयात गर्न सक्नेछन्:*

*(क) आयात गर्ने उद्योग स्वीकृत स्किमभित्र परेको बेहोरा खुलेको कागजात ।*

*(ख) सम्बन्धित अन्तःशुल्क कार्यालयले उत्पादनमा खानयोग्य सुन मिश्रण कार्यमा प्रत्यक्ष अनुगमन हुने सुनिश्चितता गरेको पत्र ।*

**(२) सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८ को दफा २५ लाई  देहाए बमोजिम संशोधन गरिएको छः**

*सुन आयात, विक्रीवितरण एवम् आपूर्तिका सम्बन्धमा अनुगमन एवम् समीक्षा गर्न र आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन गर्न सिफारीस गर्ने प्रयोजनका निमित्त उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका द्विपक्षिय तथा क्षेत्रिय व्यापार महाशाखा हेर्ने सहसचिवको संयोजकत्वमा राष्ट्र बैंकका वरिष्ठ अधिकृत (निर्देशक) सदस्य रहेको एक अनुगमन संयन्त्र गठन गरिनेछ ।*

भवदीय

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग
८. श्री नेपाल सरकार, भन्सार विभाग
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग
११. श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण विभाग
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग
१३. श्री नेपाल बैंकर्स संघ
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१६. श्री नेपाल उद्योग परिसंघ